नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

मितिः २०७८।०३।१०

# प्रेस विज्ञप्ती

**भन्सार चोरी पैठारी गरी राजश्व चुहावट कार्यमा संलग्न रहेको अभियोगमा अशोक कुमार सिन्हा र निवेदिका सिन्हाबाट रु.१८,६५,०२,७०६।- (अक्षरेपी अठार करोड पैंसठ्ठी लाख दुई हजार सात सय छ रुपैयाँ मात्र) बिगो असुल गरी निजहरुलाई जरिवाना र कैद मागदावी लिई मिति २०७८।०३।०९ गते उच्च अदालत जनकपुर, अस्थायी इजलास विरगंजमा मुद्दा दर्ता गरिएको।**

सिंहपुर, रक्सौल, पूर्वी चम्पारण, भारत स्थायी ठेगाना भई विगतमा जिल्ला पर्सा विरगंज महानगरपालिका वडा नं. ५ रेशमकोठी स्थित श्री गणेश अपार्टमेन्टको तेस्रो तल्लाको फ्लाट नं. ३०३ खरीद गरी बसोबास गर्ने निवेदिका सिन्हा र निजको बुबा भारतीय नागरिक अशोक कुमार सिन्हाले २२९५७.४८ ग्राम सुन र १०७८.०० ग्राम चाँदीका गरगहना अवैध रुपमा भन्सार चोरी पैठारी गरी लुकाइछिपाई भण्डारण गरी राजश्व चुहावट गरेको देखिएको । प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख) र (झ) बमोजिम कसुर गरी १८,६५,०२,७०६।- (अक्षरेपी अठार करोड पैंसठ्ठी लाख दुई हजार सात सय छ रुपैयाँ मात्र) राजस्व चुहावट गरेको कसूर स्थापित हुन आएकोले निजहरुलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) बमोजिम जरिवाना, दफा २३(१)(घ) बमोजिम कैद सजाय र बरामद भएको सुन/चाँदी सोही ऐनको दफा ३३(१) बमोजिम जफत हुन मागदावी लिई मिति २०७८-०३-०९ गते उच्च अदालत जनकपुर, अस्थायी इजलास विरगंजमा मुद्दा दर्ता गरिएको।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**